
का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ चैत २०७९,
बिहीबार
23 March 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ई-पेपर हेर्न
वर्ष २१, अंक ५७ । पृष्ठ १६
Madhyanha National Daily
www.madhyanhadaily.com



# उत्साहित राजावादी

**गणतान्त्रिक दलहरूको कमजोरीमाथि टेकेर राजावादी गतिविधि बढिरहँदा पूर्वराजा ज्ञानेन्द्र शाह पनि सक्रिय देखिन थालेका छन् । राप्रपाका नेताहरूसँगको संयुक्त भेटवार्ताको तस्वीर त्यसैको शृङ्खला हो ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

पूर्व राजा ज्ञानेन्द्र शाहलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेताहरुले सामुहिक भेटवार्ता गरेका छन् । पूर्वराजा ज्ञानेन्द्रलाई भेट्न राप्रपाका शीर्ष नेताहरु दमक पुगेका थिए । बुधबार दिउँसो राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेन, महामन्त्री धवलशमशेर राणा, नेताहरु प्रकाशचन्द्र लोहनी र रवीन्द्र मिश्रले भेटेका थिए ।

भेटपछि राप्रपाका नेताहरुको बीचमा ज्ञानेन्द्र शाह उभिएको तस्वीर सार्वजनिक भएको छ । यसअघि केही समय अगाडि झापामै आयोजित एक सार्वजनिक समारोहमा पनि ज्ञानेन्द्र शाह सहभागी भएका थिए । पूर्व रानी कोमल र पूर्व युवराज पारस सहित ज्ञानेन्द्र शाह सार्वजनिक मञ्चमा बसेका थिए ।

उक्त सभामा ज्ञानेन्द्र शाह र उनको परिवारका कसैले पनि मन्तव्य दिएनन् । तर अरु राजनीतिक दलका नेताहरुले चासोका साथ हेरेका थिए । सत्तारुढ गठबन्धनका नेताहरुले संयुक्त बक्तव्य जारी गरेर उक्त घटनाप्रति ध्यानाकर्षण जनाएका थिए । तर त्यो बक्तव्य लगत्तै राजधानी काठमाडौंमा राजवादीहरुको प्रदर्शन भयो ।

विवादित ब्यावसायी दुर्गा प्रसाइको अगुवाइमा राजधानीमा राजावादीहरुको प्रदर्शन भएको थियो । बिना कुनै अवसर राजतन्त्रको मागसहित भएको यो प्रदर्शन संभवतः गणतन्त्र स्थापना पछि पहिलोपटक हो । यसअघि राप्रपाले राजतन्त्रको माग सहित पार्टी कार्यक्रम मार्फत् राजतन्त्रको वकालत गर्नेदेखि पृथ्वीनारायण शाहको जन्मदिनमा विशेष कार्यक्रम गर्ने गरेको थियो ।

तर यसपटक भने खुलेर सार्वजनिक प्रदर्शन भइरहेको छ । त्यसको जग राप्रपाले यसपटक अनपेक्षित मत पाउनु पनि हो । गणतन्त्र स्थापना भएपछि भएका चार चुनाव मध्ये यसपटक नै सात जना प्रत्यक्षतर्फ राप्रपाका नेताहरु निर्वाचित भए ।

२०६४ र २०७० मा राप्रपाका नेताहरुले कतै जित्न सकेको थिएन । पृष्ठ २ मा

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,
- सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल र भारतको संयुक्त बैठक
# साइबर सुरक्षाबारे चासो

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

नेपाल र भारतका बीचमा साइबर सुरक्षाबारे छलफल भएको छ ।

भारत भ्रमणमा रहेकी नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा र भारतीय समकक्षीको संयुक्त बैठकमा दुवै देशले साइबर सुरक्षाबारे चासो राखेका हुन् ।

मन्त्रीको सचिवालयका अनुसार भारतीय समकक्षीसँगको भेटमा सूचना प्रविधि र साइबर सुरक्षाको विषय समेत छलफल भएको छ ।

सूचना प्रविधिको विकाससँगै जोखिम पनि बढ्दै गएको र साइबर सुरक्षा प्रमुख चुनौतिको रूपमा देखापर्न थालेकोले मिलेर अगाडि बढ्न आवश्यक रहेको बताएकी छन् ।

आपसी सूचना, अनुभव र अभ्यास आदानप्रदान गर्ने र दिगो संयन्त्र तयार गरी क्षमता विकास गर्दै साइबर सुरक्षालाई मजबुत बनाउन आवश्यक रहेकोमा उनको जोड रहेको छ ।

यसैगरी, नेपालले भारत सरकारलाई भारतबाट नेपालमा टेलिफोन गर्दा लाग्दै आएको महसुल दर घटाउन आग्रह गरेको छ । पृष्ठ २ मा

# क्यासिनोलाई नकस्ने प्रस्ताव

सांसदहरुले सार्वजनिक रुपमा उठेका प्रश्नहरुलाई पन्छाउँदै क्यासिनोलाई नकस्ने कानुनी व्यवस्थाको प्रस्ताव राखेका छन् ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

सम्पत्ति शुद्धीकरण सम्बन्धी विधेयक प्रतिनिधिसभामा बिचाराधीन छ । जहाँ 'पर्यटन ऐन २०३५' पनि परिमार्जन गर्ने प्रस्ताव छ । जहाँ क्यासिनो संचालन सम्बन्धी व्यवस्थाहरु समेत जोडिएका छन् ।

देशका बिभिन्न क्षेत्रमा संचालित क्यासिनोहरुका विषयमा कतिपयले प्रश्न उठाइरहेका छन् । तर, सांसदहरुले सार्वजनिक रुपमा उठेका प्रश्नहरुलाई पन्छाउँदै ' पर्यटन ऐन २०३५' मा संशोधन हाल्दै क्यासिनोहरुलाई नकस्ने कानुनी व्यवस्थाको प्रस्ताव राखेका छन् ।

प्रचलित नियमावली अनुसार एउटा कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न पाउँछ । संशोधन विधेयकमा एउटा कम्पनीले एउटामात्रै क्यासिनो चलाउन पाउने व्यवस्था प्रस्ताव गरिएको छ । एउटा कम्पनीले एउटाभन्दा बढी क्यासिनो सञ्चालन गरेको भए असार २०८० भित्रमा छुट्टै कम्पनी स्थापना गरेर सञ्चालन गर्नुपर्ने प्रस्ताव संशोधन विधेयकमा राखिएको छ ।

कांग्रेस सांसद रामहरि खतिवडाले एउटाभन्दा बढी क्यासिनो चलाएका कम्पनीहरुलाई २०८५ साल असार मसान्तसम्मको समय दिनुपर्ने प्रस्ताव गरेका छन् । कांग्रेस सांसद राजेन्द्रकुमार केसीले ५ वर्षको समय दिनुपर्ने र हाल सञ्चालनमा रहेका क्यासिनोहरुका हकमा यस्तो बन्देज हटाउनुपर्ने प्रस्ताव गरेका छन् ।

एमाले सांसद रघुजी पन्तले एउटा कम्पनीलाई एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न दिन नहुने प्रस्ताव हटाउन प्रस्ताव गरेका छन् । योगेश भट्टराईले पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारमा रहेका श्रमिकलाई समेट्ने सामाजिक सुरक्षा योजना शुरु




**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाको शुभारम्भ गरिएको छ । काठमाडौंमा बुधबार आयोजित एक कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई योजनामा सूचीकृत गर्ने कार्य शुभारम्भ गरेका हुन् ।

इजरायलमा रहेकी मञ्जु थपलियाको इनरोल रजिस्ट्र गरिएको छ । प्रधानमन्त्री प्रचण्डले थपलियाका श्रीमान् पत्रकार गोपाल संग्रौलालाई कोषमा आवद्ध भएको परिचयपत्र हस्तान्तरण गरे । प्रधानमन्त्रीले परिचयपत्र हस्तान्तरण गरेसँगै अब विदेशमा रहेका नेपाली कामदारले सामाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि आवेदन दिन पाउने बाटो खुला भएको छ ।

सो क्रममा प्रधानमन्त्री प्रचण्डले वैदेशिक रोजगारमा जाने युवालाई विभिन्न बहानामा दुःख दिने कामको अन्त्य हुने बताए । 'अब दुःख दिने काम अन्त्य भएको छ । वैदेशिक रोजगारीका लागि जाने युवालाई सहज वातावरण हुनुपर्छ,' उनले भने ।

विभिन्न परिस्थिति र बाध्यताले वैदेशिक रोजगारीमा जान परेको अवस्थालाई अन्त्य गर्न सरकार कटिबद्ध रहेको उनको भनाइ छ । कोषमा आवद्ध हुने वैदेशिक रोजगारमा रहेका श्रमिकले पनि जीवनको उत्तरार्धमा पेन्सन पाउने अवस्था बनेको उल्लेख गर्दै उनले यसले श्रमिकको जीवनमा ठूलो मद्दत पृष्ठ २ मा

## बोर्डले टेलिमेडिसिन सेवा दिने



**काठमाडौं/मस-** वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारका लागि टेलिमेडिसिन सेवा शुरू गर्ने भएको छ । वैदेशिक रोजगारमा जाने कामदारको हकहित संरक्षण गर्ने उद्देश्य लिएको बोर्डले हप्ताको दुई दिन शुक्रबार र आइतबार टेलिमेडिसन सेवा प्रारम्भ गर्ने बताएको छ । बोर्ड र बीर अस्पतालबीच यसबारे सम्झौतापछि टेलिमेडिसिन सेवा शुरु हुन लागेको हो । पृष्ठ २ मा

# सेलिब्रेटीलाई नलाग्ने कानून !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

बलात्कारको अभियोग लागेका वा राज्यविरुद्धको कसुर लागेका व्यक्तिले एकपछि अर्को गर्दै उन्मुक्ति पाएपछि त्यसबारे आलोचना हुन थालेको छ । बलात्कारको आरोप लागेका क्रिकेटर सन्दिप लामिछानेदेखि दोहोरो नागरिकता प्रकरणमा मुछिएका रवि लामिछाने लगायतका व्यक्तिले सहजै उन्मुक्ति पाएपछि कानून समान नभएको टिप्पणी चुलिएको हो । नाबालिग बलात्कारको अभियोगमा एक वर्ष जेल बसेर उच्च अदालतबाट सफाइ पाएका पल शाह जेलबाट छुट्दा बाजागाजा सहित उनको भब्य स्वागत भयो । फिल्म क्षेत्रमा फर्किसकेका उनको पारिश्रमिक र माग झनै बढ्दा समाजले हिंसालाई पश्रय दिएको टिप्पणी पनि भईरहेको छ । उनी जेलबाट छुटेसँगै नाबालिग बालिका अष्ट्रेलियातर्फ लागेकी छिन् ।

उनीमात्रै होईन, नाबालिग बलात्कारको आरोपमा धरौटीमा रिहा भएका अभियुक्त सन्दीप लामिछानेलाइ खेलमा मात्र फकिएका छैनन् । उनलाई राष्ट्रपति, प्रधानमन्त्री लगायतका व्यक्तिले फूलमाला लगाएर सम्मान गरिसकेका छन् । साथै सन्दिपका समर्थकले पीडक व्यक्तिमाथि तथानाम गाली गर्दै फसाएको आरोप पनि लगाईरहेका छन् । तर, पीडित भने अहिले सामाजिक संस्थामा बसेर पुर्नस्थापनाको प्रयास गरिरहेकी छिन् ।

महान्यायाधिवक्ताको कार्यालयले राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेमाथि राहदानी दुरुपयोग गरेको मुद्दा नचलाउने निर्णय गरेसँगै आलोचनाका स्वर सुनिन थालेका छन् । 'अमेरिकी नागरिकता र राहदानी नत्यागी नेपाली राहदानी लिएको देखिए पनि उनीबाट त्यसको दुरुपयोग नभएको' ठहर गर्दै सरकारी वकिल कार्यालयले प्रतिवेदन बुझाएपछि त्यसको विरुद्धमा अख्तियारमा मुद्दा दर्ता भएको छ । शक्तिको आडमा सभापति लामिछानेलाई राहदानी मुद्दामा उन्मुक्ति दिइएको भन्दै अधिवक्ता युवराज पौडेल 'सफल'ले उजुरी दर्ता गराएका हुन् । उनले नागरिकताको प्रकरणमा उजुरी दर्ता गराएदेखि नै उनीविरुद्ध सामाजिक सञ्जालदेखि भौतिक रुपमै आक्रमण गर्ने चेतावनी समेत आईरहेका छन् ।

यता, चलचित्र पत्रकार संघका महासचिव समीर बलामीले यौन दुर्व्यवहारको मुद्धा लागेपछि पदबाट राजीनामा दिएका थिए । उक्त विषयको सत्यतथ्य पत्ता लगाउन छानबिन समिति पनि गठन भयो र अध्ययन सुरु भयो । तर, उक्त विषयको सत्य बाहिर नआउँदै उनी संघको अध्यक्षमा निर्वाचित भएका छन् । उनी निर्वाचित भएसँगै १८ जना सदस्यले पदबाटै राजीनामा दिएका छन् । पीडितको अभियोजन र अनुसन्धान फितलो गर्ने, अदालतको प्रस्तुतीकरणमा भएको कमजोरीका कारण सरकारवादी मुद्दा हार्ने र न्यायालयप्रतिको विश्वास गुम्ने गरेको विज्ञहरु बताउँछन् । पछिल्ला दिनमा कुनै क्षेत्रमा सफल पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
९ चैत २०७९, बिहीबार
23 March 2023, Thursday

# जंगली जनावरको आक्रमण बढ्दो मानवीय क्षति



**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

पछिल्लो समय जंगली जनावरको आक्रमणबाट मानवीय क्षतिका घटना बढ्न थालेका छन् । बुधबार पूर्वी नवलपरासीको देवचुलीमा गैंडाको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ। देवचुलीमा रहेको महाराजा सामुदायिक वनमा घाँस काट्न गएकी देवचुली नगरपालिका-१० पृथ्वीनगरकी अन्दाजी ६१ वर्षीया दरिमा थापामगरलाई दिउँसो २ बजेतिर गैंडाले आक्रमण गरेको देवचुली-१० का वडाध्यक्ष रेप्तीकुमार घर्तीमगरले जानकारी दिए । अध्यक्ष घर्तीका अनुसार थापालाई पृथ्वीनगर खेल मैदान नजिकै रहेको घाँसे मैदानमा घाँस काट्न जाने क्रममा गैंडाले आक्रमण गरेको थियो । गैंडाको आक्रमणबाट घाइते भएकी थापाको पुरानो मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको वडाअध्यक्ष घर्तीमगरले जानकारी दिए।

यस अघि सोमबार मात्रै बर्दियाको मधुवन नगरपालिकामा पाटेबाघको आक्रमणबाट दुई महिलाको मृत्यु भएको थियो। ज्यान गुमाउनेमा मधुवन नगरपालिका ५ की ५० वर्षीया धनसरा गुरुङ र ५५ वर्षीया समुन्द्री बुढाक्षेत्री रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मधुवन नगरपालिका- ५ मा रहेको चिरौटे सामुदायिक वनमा घाँसदाउरा काट्न गएका बेला उनीहरूमाथि बाघले आक्रमण गरेको हो । सोमबार दिउँसो करिब १२ बजेतिर चारजना महिला भारतसँग सीमा जोडिएको चिरौटे सामुदायिक वनमा घाँस दाउरा खोज्न गएका थिए । त्यही बेला धनसरा र समुन्द्रीलाई बाघले आक्रमण गरेपछि अन्य दुई महिलाले भागेर ज्यान जोगाएको स्थानीयले बताएका छन् । उनीहरूले गाउँ फर्किएर बाघको आक्रमणबारे खबर गरेपछि स्थानीय खोज्न गएका थिए । खोज्ने क्रममा धनसरा र समन्द्रीको शव भेटिएको थियो ।

सोमबार नै हात्तीको आक्रमणबाट रौतहटमा एक महिलाको मृत्यु भयो । जंगलमा घाँस काट्न गएकी चन्द्रपुर नगरपालिका-४ की ५० वर्षीया मीना मगरको हात्तीको आक्रमणबाट मृत्यु भएको हो । रौतहटको घनसर क्षेत्रमा जंगली हात्तीले आक्रमण गरेपछि मगरको मृत्यु भएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाले जानकारी दिए।

यी त केहि प्रतिनिधिमूलक घटनामात्रै हुन्। तर पछिल्लो समय जंगली जनावर र मानवबीचको द्वन्द्व बढ्दै गएको छ।

गत साउनदेखि फागुन १५ गतेसम्म हात्तीको आक्रमणबाट चितवनमा २, पर्सामा २, बर्दियामा १, कञ्चनपुरमा ३ र सुनसरीमा २ जना गरी १० जनाको मृत्यु भैसकेको छ भने १३ जना घाइते भएका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार गत वर्ष मात्रै हात्तीले क्षति पुऱ्याएका भौतिक संरचना, बालीनाली र मानिसको मृत्यु भएका परिवारलाई क्षतिपूर्तिस्वरुप १८ करोड रुपैयाँ उपलब्ध गराइएको थियो ।

यो वर्ष पनि क्षतिपूर्तिस्वरुप साउनयता साढे ६ करोड रुपैयाँ सरकारले तिरिसकेको छ । विभागका महानिर्देशक डा.महेश्वर ढकालका अनुसार फागुन १५ सम्मको तथ्यांक अनुसार बाघको आक्रमणबाट साउनयता ९ जना, चितुवाबाट ३ जना, गैंडा र जंगली बँदेलबाट १/१ जना गरी १४ जनामाथि आक्रमण भएको देखिन्छ।

विभागले निकुञ्जले जंगली जनावरले गर्ने आतंकबाट हुने क्षतिलाई लक्षित गरेर बीमा कार्यक्रम अगाडि बढाउने तयारी गरेको छ । स्थानीय पालिकाको पहलमा अन्नबाली, पशुधन र जीवन बीमा कार्यक्रम अगाडि सार्न लागिएको विभागले जनाएको छ ।

## कुश्मा बजारमा चितुवा

**पर्वत/मस-** पर्वतको कुश्मा बजारमा बुधबार बिहानै चितुवा देखा पऱ्यो । चितुवा बजार छिरेको थाहा पाएपछि कुश्माबासी 'बाघ आयो रे बाघ' भन्दै तँछाडमछाड गर्दै कुश्मा नगरपालिका-४ भण्डारी टोलमा पुगे । पहिले बारीको टनेलभित्र पसेको चितुवा मान्छेको भीड देखेपछि भाग्नलाई बाटो खोज्यो । त्यसपछि छेउमा अवस्थित ओमबहादुर रेग्मीको पहेँलो घरको भान्छा कोठामा पस्यो । नेपाल प्रहरी, सशस्त्र प्रहरी र वनका कर्मचारी तैनाथ भइसकेका थिए । घरका परिवारलाई बाहिर निकालेर प्रहरीले ढोकामा साँचो लगायो । 'करिब तीन घण्टामा चितुवालाई सकुशल नियन्त्रणमा लियौं', जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक प्रकाश राउतले भने, 'कुनै पनि अप्रिय घटना हुन पाएन । पोखरा वन कार्यालयको उद्धार टोलीले चितुवालाई सुरक्षित तरिकाले नियन्त्रणमा लिएर पोखरा लगिसकेको छ ।'

चितुवा हेर्न आउनेको भीड हटाउन प्रहरीलाई मुस्किल परेको थियो। डिभिजन वन कार्यालय पर्वतमा चितुवा नियन्त्रण गर्न सक्ने विशेषज्ञ टोली र आवश्यक उपकरण नभएपछि कास्कीबाट आएको टोलीले चितुवा नियन्त्रणमा लिनुपरेको थियो ।

'हामीले भेटेरिनरी डाक्टर, वन अधिकृत र सशस्त्र वन रक्षक टोलीसहित वन्यजन्तु एम्बुलेन्स पठाएका थियौं', वन कार्यालय कास्कीका सहायक वन अधिकृत शालिकराम पराजुलीले भने, 'भान्छा कोठाको ढोकामा खोर राख्यौं र छेउको झ्यालबाट जिस्क्याएपछि चितुवा खोरमा पस्यो । बेहोस नबनाइकनै सकुशल नियन्त्रणमा लिन सक्यौं ।'

नियन्त्रित चितुवालाई प्राकृतिक वासस्थानमा नै छाडिने वन कार्यालय कास्कीका सहायक वन अधिकृत पराजुलीले जानकारी दिए । 'भाले चितुवा भएको भए कास्की वन्यजन्तु उद्धार केन्द्रमा राख्ने सोचेका थियौं । तर, त्यो पोथी चितुवा रहेछ। हामीसँग पोथी चितुवा भएकै स्थितिमा फेरि अर्को पोथी चितुवालाई साथमै उद्धार केन्द्रमा राख्न सक्दैनौं', उनले भने ।

चितुवाका कारण पर्वत सामाजिक सञ्जालमा चर्चित बन्ने गरेको छ। डेढ वर्षअघि पनि पर्वतमा बिरामी अवस्थामा रहेको चितुवाको घाँटीमा डोरीले बाँधेर बजार घुमाएको भिडिओ र तस्बिर सामाजिक सञ्जालमा भाइरल भएको थियो । दुई हप्ताअघि पनि फलेवासमा मान्छेले चितुवालाई बोकेर गाउँ डुलाएको भिडियो र तस्बिर सामाजिक सञ्जालमा भाइरल भएका थिए। तर, उक्त चितुवा जिउँदो नभएर मरिसकेको थियो ।

# पाँच एआइजीलाई दर्ज्यानी चिह्न प्रदान



**काठमाडौं/मस-** नेपाल प्रहरीका पाँच प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)लाई दर्ज्यानी चिन्ह प्रदान गरिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को चैत ६ गतेको निर्णयअनुसार प्रहरी नायव महानिरीक्षक (डिआइजी)बाट प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) पदमा पदोन्नति भएका पाँच एआइजीलाई दर्ज्यानी चिन्ह प्रदान गरिएको हो । प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले बुधबार एक कार्यक्रमकाबीच एआइजी पदमा बढुवा भएका बसन्तबहादुर कुँवर, टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्यलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गरेका हुन् ।

कार्यक्रममा प्रहरी महानिरीक्षक सिंहले पदोन्नति भएका प्रहरी अधिकृतको व्यक्तिगत, पारिवारिक र व्यावसायिक जीवनको सफलताको शुभकामना दिँदै पदोन्नति भएका मध्यबाटै सङ्गठन प्रमुख हुने भएकाले आगामी दिन सङ्गठन प्रमुखको रुपमा प्राप्त हुने जिम्मेवारी बहन गर्नका लागि तयार हुन निर्देशन दिए। उनले सङ्गठनको उच्च तहमा रहने प्रहरीले चौतर्फी रुपमा चुनौतीको सामना गर्नुपर्ने भएकाले उक्त चुनौती र जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्नुपर्ने बताए ।

महानिरीक्षक सिंहले सङ्गठनको नेतृत्वसँगै नेपाल प्रहरीलाई कसरी गतिशील र चलायमान बनाउन सकिन्छ भन्ने बारेमा योजना बनाउनुपर्ने उल्लेख गरे । बढुवा भएका एआइजीको तर्फबाट मन्तव्य राख्दै एआइजी बसन्तबहादुर कुँवरले पदोन्नतिसँगै गहन जिम्मेवारीको बढोत्तरी हुने हुँदा प्राप्त जिम्मेवारी कुशलतापूर्वक बहन गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले समग्र सुरक्षा र अपराध अनुसन्धानको जिम्मेवारी बोकेको प्रहरी सङ्गठनमा सङ्गठनप्रति व्यावसायिक र निष्ठावान रही जिम्मेवारी बहन गर्ने कार्यमा सबैको सत्प्रयास अपरिहार्य रहेको बताए ।

**प्रधानमन्त्रीको बधाई**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नवनियुक्त प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) लाई बधाई तथा शुभकामना दिएका छन्। प्रधानमन्त्री दाहालले नवनियुक्त पाँचै जना एआइजीलाई बुधबार आफ्नो कार्यकक्षमा बोलाएर बधाई तथा शुभकामना व्यक्त गरेका हुन् ।

साथै उनले आगामी कार्यकालमा अझै जनमुखी सेवा प्रवाह र शान्ति सुरक्षामा अब्बल भूमिका निभाउन निर्देशनसमेत दिएका प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# टेलिफोन शुल्क घटाउन आग्रह

**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भारतबाट नेपालमा टेलिफोन गर्दा लाग्दै आएको महसुल दर घटाउन भारत सरकारसँग आग्रह गरेकी छिन् । भारत सरकारका सञ्चार राज्यमन्त्री देभुसिन्ह चौहानसँग बुधबार नयाँदिल्लीमा भएको छलफलमा उनले यस्तो आग्रह गरेकी हुन् ।



'नेपाल र भारतबीच टेलिफोन दरमा ठूलो असमानता छ, भारतमा बसोबास गर्ने नेपालीले नेपालमा टेलिफोन गर्दा अधिक शुल्क लाग्ने गरेको गुनासो गर्ने गरेका छन्, सरकारका प्रवक्ता शर्माले भनिन्, 'दुवै देशबीच रहेको टर्मिनल चार्जमा पुनरावलोकन गरी सुलभ महसुल दरमा सेवा उपलब्ध गराउनुपर्ने देख्दछु ।'

नेपाल र भारत नजिकका छिमेकी भएकाले दूरसञ्चार सेवामा बेलाबखत अन्तरदेशीय अवरोध हुने र कतिपय अवस्थामा नेपालको भित्री भागसम्म पनि भारतीय मोबाइल सेवा उपलब्ध हुने गरेकाप्रति ध्यानाकर्षण गराउँदै उनले त्यसमा दुवै देशका सेवाप्रदायक र नियामक सजग हुनुपर्नेमा जोड दिइन् ।

मन्त्री शर्माले भारतीय टेलिभिजन च्यानल नेपालमा सहजै प्रसारण हुने तर नेपाली च्यानल भने भारतमा प्रसारण हुन कठिन रहेकातर्फ ध्यानाकर्षण गराउँदै मन्त्री शर्माले भनिन्, 'भारतमा नेपाली भाषीको ठूलो संख्या रहेकाले नेपाली च्यानलको सहज प्रसारण हुने वातावरण मिलाइदिन म विशेष आग्रह गर्दछु ।' उनले विशेषतः नेपाली च्यानल भारतमा डाउनलिङ्क गर्दा अत्यधिक शुल्क लाग्ने गरेकाले यो सम्भव नभएको हुँदा यसमा भारतीय सरकारबाटै विशेष निर्देश दिन आग्रह गरेकी सञ्चार मन्त्रालयले जनाएको छ ।

प्राकृतिक सौन्दर्य र संस्कृतिको धनी मुलुक नेपाल चलचित्र छायाङ्कनका लागि अत्यन्त उपयुक्त स्थल भएकोतर्फ ध्यानाकर्षण गराउँदै मन्त्री शर्माले नेपालमा चलचित्र नगरी निर्माण गर्न लगानी गरी लगानीकर्ताले उचित प्रतिफल प्राप्त गर्नसक्ने विश्वास व्यक्त गरे।

नेपालमा दक्ष जनशक्ति उत्पादन गर्न भारत सरकारले लामो समयदेखि विभिन्न विषयमा छात्रवृत्ति उपलब्ध गराउँदै आएको र वर्तमान परिप्रेक्ष्यमा नेपाललाई सूचना प्रविधिका क्षेत्रमा थप दक्ष जनशक्ति आवश्यक हुन थालेकाले त्यस्ता शैक्षिक कार्यक्रममा नेपाललाई सहयोग गर्न पनि उनले भारत सरकारसँग अनुरोध गरेकी छिन् । त्यसैगरी सूचना प्रविधि र साइबर सुरक्षाका क्षेत्रमा मध्यम र छोटो अवधिको तालिममा समेत नेपालबाट सहभागिता हुने आग्रह गरे ।

'सूचना प्रविधिको विकाससँगै त्यस क्षेत्रको जोखिम पनि बढ्दै गएको छ । साइबर सुरक्षा प्रमुख चुनौतीका रूपमा देखापर्न थालेको छ', बैठकमा मन्त्री शर्माले भनिन्, 'यसका लागि हामी दुई मुलुक मिलेर अघि बढ्नुपर्ने आवश्यकता मैले महशुस गरेको छु, आपसी सूचना, अनुभव र अभ्यास आदानप्रदान गर्ने दिगो संयन्त्र तयार गरी क्षमता विकास गर्दै साइबर सुरक्षालाई मजबुत बनाउन आवश्यक छ ।'

# २३ चालकलाई कारबाही

**काठमाडौं/मस-** काठमाडौं उपत्यका ट्राफिक प्रहरीले अवस्था ठिक नभएका २३ वटा सवारी साधनका चालकलाई कारबाही गरेको छ । भक्तपुरको जगातीमा बुधबार गरिएको विशेष चेकिङका क्रममा यान्त्रिक अवस्था ठिक नभएका सवारी साधनका चालकलाई कारबाही गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए।

उनका अनुसार १ सय ३० भन्दा बढी सवारी साधन चेकजाँच गर्दा हेण्डब्रेक नभएका, लाईटहरु दुरुस्त नभएका, टायर धेरै घिस्रिएका लगायत अवस्था ठिक नभएका २३ वटा सवारी साधनका चालकलाई कारबाही गरिएको हो ।

अवस्था ठिक नभएको सवारी साधन चलाउँदा यात्रुको जीवन जोखिममा पर्न सक्ने र सवारी दुर्घटना पनि बढ्ने भएकाले संभावित जोखिम कम गर्नको लागि सवारी साधनको अवस्था चेकजाँच गर्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट प्रहरी नायव उपरीक्षक सुनिल मल्लको कमाण्डमा ट्राफिक प्रहरीको टोली खटिएको थियो । सवारी साधन मर्मत पश्चात तोकिएको जरिबाना तिरी ट्राफिक प्रहरीद्वारा नियन्त्रणमा लिएका कागजपत्र फिर्ता दिइने छ ।

### उत्साहित...

२०७४ मा लिङदेनले झापाबाट तत्कालीन वाम गठबन्धनको समर्थनमा चुनाव जितेका थिए । यसपटक प्रत्यक्ष र समानुपातिक गरी १४ जना सांसद राप्रपासँग छ। गणतन्त्र स्थापनापछि संभवतः यो राप्रपाको ठूलो उपलब्धि हो ।

०७० को चुनावमा समानुपातिकबाट २५ सिट जितेपनि प्रत्यक्षतर्फ जित्न सकेको थिएन । यसपटक अनपेक्षित मत पाएपछि राजावादीहरुको उत्साह रोकिएको छैन । १० पुसमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुँदा राप्रपाको समर्थन थियो । त्यही समर्थनलाई आधार बनाएर ३ माघमा लिङदेनसहित तीन मन्त्री र एक राज्यमन्त्री सरकारमा सहभागी भयो ।

ती मन्त्रीहरुले सिंहदबारभित्र पृथ्वीनारायण शाहको तस्वीर राखेका थिए भने पदभार ग्रहण गरिरहँदा हिन्दू वैदिक अनुसार मन्त्रो जप गरेका थिए। ०६२/०६३ सालको जनआन्दोलन पछि यो पहिलोपटक भएको थियो । अहिले ज्ञानेन्द्र शाहको गतिविधि मात्रै नभएर संसदमा समेत राजावादी आवाज तुलनात्मक बलियो देखिएको छ। प्रधानमन्त्री प्रचण्डले गणतन्त्रको विरोधमा नबोल्न मन्त्री भएकै बेला राप्रपाका नेताहरुलाई चुनौती दिएका थिए ।

तर राप्रपाका सांसदहरुले अहिले हरेकजसो संसदीय गतिविधि, छलफल र निर्णयमा आफ्नो पक्षधरता लिएर आवाज राखिरहेका छन् । राजावादीहरुको आवाज बढेपछि गणतन्त्र पक्षधर नेताहरुले सार्वजनिक रुपमै आपत्ति जनाउन थालेका छन् ।

### नेपाल...

'नेपाल र भारतबीच टेलिफोन दरमा ठूलो असमानता छ, भारतमा बोसोबास गर्ने नेपालीहरूले नेपालमा टेलिफोन गर्दा अत्यधिक शुल्क लाग्ने गरेको गुनासो गर्ने गरेका छन्' मन्त्री सचिवालयका अनुसार नयाँ दिल्लीमा बुधवार भएको बैठकमा उनले भनेकी छन्, 'देशबीच रहेको टर्मिनल चार्जमा पुनरावलोकन गरी सुलभ महसूल दरमा सेवा उपलब्ध गराउनुपर्ने देख्दछु ।'

नेपाल र भारत नजिकका छिमेकी भएकाले दूरसञ्चार सेवामा बेलाबखत अन्तरदेशीय अवरोध हुने र कतिपय अवस्थामा नेपालको भित्री भागसम्म पनि भारतीय मोबाइल सेवा उपलब्ध हुने गरेकाप्रति समेत मन्त्री शर्माले भारत सरकारको ध्यानाकर्षण गराएकी छन् ।

सञ्चार मन्त्री शर्माले भारतीय टेलिभिजन च्यानलहरू नेपालमा सहजै प्रसारण हुने तर नेपाली च्यानलहरू भने भारतमा प्रसारण हुन कठिन रहेको समेत दिपक्षीय भेटमा उठाएकी छन् ।

भारतमा नेपालीभाषीको ठूलो संख्या रहेको उल्लेख गर्दै उनले समकक्षीसँगको भेटवार्तामा भारतमा नेपाली च्यानलहरूको सहज प्रसारण हुने वातावरण मिलाइदिन विशेष आग्रह गरेकी छन् ।

'विशेषतः नेपाली च्यानल भारतमा डाउनलिङ्क गर्दा अत्यधिक शुल्क लाग्ने गरेकाले यो सम्भव नभएको हुँदा यसमा भारतीय सरकारबाटै विशेष निर्देश हुन म आग्रह गर्दछु' मन्त्रीको सचिवालयका अनुसार शर्माले भनेकी छन् ।

### क्यासिनोलाई...

क्यासिनोलाई २०८३ सालसम्म कार्यान्वयन गर्न नहुने प्रस्ताव गरेका छन् ।

सांसद रामप्रकाश चौधरीले मापदण्ड पूरा गर्न अहिलेका क्यासिनोहरुलाई ५ वर्ष समय दिनुपर्ने प्रस्ताव गरेका छन् । शान्ति विकले भने नयाँ कानून अनुसार, अहिले सञ्चालन भएका क्यासिनोहरु स्वतः नियमन भएको अर्थ लगाइनुपर्ने प्रस्ताव गरेकी छन् ।

उनले एउटै कम्पनीले दुईवटा क्यासिनो चलाएको भए अलग अलग कम्पनीमार्फत व्यवस्थापन हुनुपर्ने प्रावधान हटाउनुपर्ने प्रस्ताव दर्ता गराएकी छन्। सांसद विकले इजाजतपत्र नवीकरणका लागि बक्यौता रकम बुझाउनुपर्ने प्रस्तावित व्यवस्था नै परिमार्जन हुनुपर्ने प्रस्ताव गरेकी छन् ।

सांसदहरुले त्यसमा पनि संशोधन दर्ता गरेर शर्त हटाउनुपर्ने माग अघि सारेका छन् । सांसद शान्ति विकले क्यासिनोको इजाजत नवीकरणका लागि रोयल्टी बक्यौता तिर्नुपर्ने शर्त राख्न नहुने प्रस्ताव गरेकी छन्। सांसदहरु नागिना यादव र अमरेशकुमार सिंहको प्रस्ताव पनि शान्ति विकको जस्तै छ ।

### वैदेशिक...

पुग्ने विश्वास व्यक्त गरे। कोषमा श्रम स्वीकृति लिने बेला, श्रम स्वीकृती नवीकरण गर्ने बेला र नवीकरण गर्ने बेला नभएकाहरु पनि वैदेशिक रोजगार विभाग र सामाजिक सुरक्षा कोषको वेबसाइटमार्फत् सहभागी हुन सकिने कोषका निर्देशक डा. रोशन कोजुले जानकारी दिए ।

यस्तै कार्यक्रममा मुख्यसचिव डा शंकरदास वैरागी गैरआवासीय नेपालीको सीप र पुँजीलाई नेपालको समृद्धिमा लागाउन सरकारले सहजीकरण गरेको धारणा राखे । अनौपचारिक र स्वरोजगार श्रमिकका लागि कुनै पनि सामाजिक सुरक्षाको दायराबाट बाहिर रहेको अवस्थामा कोषले ल्याएको योजना नयाँ शुरुवात भएको बताए ।

त्यस्तै कोष सञ्चालक समितिका अध्यक्ष एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले यस योजनाले वैदेशिक क्षेत्र र विदेशमा स्वरोजगारमा रहेका नागरिक सामाजिक सुरक्षाको दायरामा समेटिने बताए । विप्रेषणलाई वैधानिक बाटोबाट भित्र्याउन पनि यस योजनाले सघाउ पुऱ्याउने उनको विश्वास छ ।

यस्तै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले श्रम शक्तिको ठूलो हिस्सालाई यस योजनाले समेट्ने बताए । योजनाबाट लाखौं श्रमिक र आश्रित परिवार लाभान्वित हुने जनाउँदै उनले अप्ठ्यारो पर्दा सामाजिक सुरक्षा योजनाले राहत दिने बताए ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत कोषमा आवद्ध गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने क्रममा उक्त कार्य शुभारम्भ गरिएको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए । उक्त योजना शुरु भएसँगै वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली श्रमिक लाभान्वित हुने अनुमान गरिएको छ ।

वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको छातामुनि ल्याउन कोषले यसअघि नै अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्नेसम्बन्धी कार्यविधि स्वीकृत गरिसकेको छ।

उक्त कार्यविधिले अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारमा रहेका लाखौं श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने बाटो खोलेको थियो। नयाँ श्रम स्वीकृति लिनेलाई बुधबारदेखि कोषमा सूचीकृत हुने व्यवस्था अनिवार्य गरिएको छ । हाल दैनिक करिब दुई हजार जनाले श्रम स्वीकृति लिने गरेका छन्। श्रम स्वीकृति लिनेले कोषमा एक महिनाको योगदान रकम जम्मा गर्नुपर्ने छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकले छ महिनाको योगदान रकम जम्मा गर्दा १० प्रतिशत छुट पाउने प्रवक्ता पन्थीले बताए । विदेशमा रहेका श्रमिकले कोषको वेबसाइटबाट सूचीकरण गरी योगदान रकम जम्मा गर्न सक्नेछन् ।

### बोर्डले...

दूर-चिकित्सा अर्थात् टेलिमेडिसिन चिकित्सा क्षेत्रमा भएको नवीनतम विकास मानिन्छ । वैदेशिक रोजगारमा रहेका कामदार विभिन्न रोगबाट पीडित हुने भएपनि समयमा चिकित्सकको उचित स्वास्थ्य सल्लाह नपाउँदा रोग लुकाएर बस्ने गरेका छन् ।

बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले विभिन्न प्रविधिको प्रयोग गरेर विदेशमा कार्यरत कामदारलाई नेपालबाट चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिएर उपचार तथा सल्लाह दिइने बताए ।

कार्यक्रममा बोर्डका निर्देशक राजन पौडेलले बोर्डले गरेका सेवा प्रवाहका काम र उपलब्धिबारे जानकारी दिए। बोर्डकी निर्देशक एवं प्रशिक्षण तथा अध्ययन अनुसन्धान शाखा प्रमुख सीता दुवाडीले बोर्डले दिने तालिमबारे प्रकाश पारेकी थिइन् ।

### सेलिब्रेटीलाई...

भएका व्यक्तिहरुले गरेको हिंसालाई समेत प्रोत्साहन गर्ने प्रवृत्ति मौलाउँदा पीडकले न्याय पाउने सम्भावना टर्न थालेका छ। जसले गर्दा समाजमा सेलिब्रेटी बनाएका व्यक्तिहरुलाई हिंसा गर्ने प्रेरणा झनै उच्च भएको छ ।

**कुवेतमा रोजगार** | कम्पनी : NESTO HYPERMARKET COMPANY WLL
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३१३१ L.T. No.: 277500 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker / Offices | 40 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४३,०२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sweets Seller | 0 | 20 | | 120 | ५१,६२६ | | | | | | | |
| 3. | Warehouse Worker | 40 | 0 | | 100 | ४३,०२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र १६ गते (30 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
धुम्बराही, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८५११२२१९०, ९८५१०४१८११, ९८५११८०४३४, ९८२३३०१०३५

# कीर्ते गरी तिब्बती शरणार्थीलाई नागरिकता



**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

नक्कली कागजात पेस गरी तिब्बती शरणार्थीलाई सक्कली नागरिकता दिइएको खुलासा भएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार यसरी कीर्ते गरी नागरिकता निकाल्ने पाँच जनालाई पक्राउ गरी अनुसन्धान शुरु गरिएको छ ।

पक्राउ पर्नेमा झापाका कृष्णबहादुर कटुवाल, भक्तपुर घर भई काठमाडौं बस्दै आएका न्युल्केश श्रेष्ठ, मोरङका हीरालाल शिवाकोटी, तनहुँका लोब्साङ ठिन्ले र जिल्ला प्रशासन कार्यालयमा क्यान्टिन चलाएर बस्ने विजय लामा रहेका छन् ।

प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरका अनुसार उनीहरूको साथबाट नक्कली नागरिकता, विभिन्न शैक्षिक संस्थाको शैक्षिक प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, जन्मदर्ता, बसाइँसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता वडा कार्यालयको सिफारिसलगायतका महत्त्वपूर्ण अन्य विविध कागजात, कीर्ते गर्न प्रयोग हुने वडा कार्यालयको छाप तथा दस्तखत, नक्कली कागजात पेस गरी बनाइएको गैरनेपालीले प्राप्त गरेको सक्कलै नागरिकता बरामद गरिएको छ ।

उनीहरूलाई नागरिकता ऐन तथा लिखतसम्बन्धी कसुरमा आवश्यक कारबाहीका लागि बुधबार जिल्ला प्रहरी परिसर टेकु पठाइएको छ । पक्राउ परेका कृष्णबहादुर कटवाल मुख्य योजनाकार भएको समेत प्रहरीले जनाएको छ । उनले विगत १० वर्षदेखि लाइसेन्स र दर्ता बिना नै लेखापढी गर्ने कार्य गर्दै आएका थिए । उनी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट तिब्बती शरणार्थीको सक्कलै नेपाली नागरिकता बनाउने क्रममा विभिन्न व्यक्तिलाई नक्कली बाबुको रूपमा उपस्थित गराई सनाखत गराउन गैरकानूनी कार्यमा संलग्न रहेको पाइएको छ ।

कटवालले न्युल्केश श्रेष्ठलाई मिङछुङ शेर्पा नामको नक्कली नेपाली नागरिकता बनाई हरेक पटक रु.१० हजार दिई भाडामा नक्कली बाबुको रूपमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उपस्थित गराई सनाखत गराउने गरेको प्रहरीले जानकारी दिएको छ ।

न्युल्केश श्रेष्ठले हालसम्म तिब्बती व्यक्ति सोनाम छोडेन, टासी शेर्पा, यशोदा शेर्पा, नाम्से शेर्पालगायतको सक्कलै नागरिकता बनाउन नक्कली बाबु बनी सहयोग गरेको पाइएको छ । कटवालले त्यसरी कीर्ते कागजात तयार गरी गैरनेपालीलाई सक्कली नेपाली नागरिकता दिलाउन प्रतिव्यक्ति रु.तीन लाखदेखि पाँच लाखसम्म रकम लिने गरेको खुलेको छ ।

नागरिकता लिएका अन्य २५/३० जनाको सक्कलै नागरिकतामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

उनीहरूको समूहले अहिलेसम्म पाँच सयभन्दा बढी व्यक्तिलाई यस्तै प्रक्रियाबाट नागरिकता दिलाएको प्रहरीको अनुमान छ । कटवाल यसअघि ठगी मुद्दामा कारबाही भोगिसकेका व्यक्ति भएको प्रहरीले जानकारी दिएको छ ।

## सट्टेबाजी खेलाउने पक्राउ

वानएक्स बेटमार्फत सट्टेबाजी खेलाउने ६ जना पक्राउ परेका छन्। उपत्यका प्रहरी अपराध महाशाखाले जुम्लाको चन्दननाथ नगरपालिका ६ खलङ्गाका २३ वर्षीय दिलिप सिंह कठायत, २३ वर्षकै भुपालराज न्यौपाने, १९ वर्षीय नयनराज भण्डारी, सर्लाहीको बलरा नगरपालिका ५ का २८ वर्षीय वरुणकुमार सिंह काभ्रेपलान्चोकको मादनकुडारी गाउँपालिका १ की २६ वर्षीया शिवानी तामाङ र काठमाडौं महानगरपालिका ३२ का वासुदेव पाण्डेलाई पक्राउ गरेको हो ।

प्रहरीले उनीहरुको साथबाट विभिन्न सेवा प्रदायक कम्पनीका ३४६ थान सिमकार्ड, मोबाइल, चेकबुक र एक थान ल्यापटप पनि बरामद गरेको छ ।

अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. मनोजकुमार केसीका अनुसार उनीहरुले नेपालबाट एजेन्टको भूमिका निर्वाह गरेको पाइएको छ । थप कारबाहीका लागि भक्तपुर र काठमाडौं परिसर पठाइएको छ। पक्राउ परेका दिलिपसिंह कठायतले विगत एक वर्षदेशि वान एक्सबिट खेलाउने गरेको पाइएको प्रहरीले जनाएको छ।

भुपाल ९ महिनादेखि, नयनराज ६ महिनादेखि, बरुन ६ महिनादेखि, शिवानीले आफ्नै नाममा खाता खोलेर रोशन गुरुङलाई उक्त खाता सञ्चालन गर्न दिएको पाइएको छ । उनी ८ महिनादेखि संलग्न रहेको र वासुदेव १ महिनादेखि संलग्न रहेको खुलेको छ ।

वालेटबाट संकलन गरेको रकम पक्राउ परेका दिलिप कठायत, भुपाल न्यौपाने र नयनराज भण्डारीको नाममा रहेका ८ वटा र आफ्नो बहिनीको नाममा रहेका २ वटा खाता, नक्कली कम्पनी खडा गरी उक्त नाममा २ वटा कर्पोरेट खाता गरी १२ वटा खाता सञ्चालन गरेको पाइएको छ । यी १२ वटा खातामध्ये कारोबार विवरण ९ वटा खातामार्फत प्राप्त भएको र ती खातामा ७ करोड ७७ लाख ७ हजार ३२ रुपैयाँको कारोबार भएको पाइएको छ।

३५ जनाको नाममा खोलिएका डिजिटल वालेटहरुमा ४१ करोड १५ लाख ८९ हजार २७६ रुपैयाँ बराबरको बेटिङ कारोबार देखिएको छ । ती वालेटहरुको कारोबार हाल रोक्का राखेर थप अनुसन्धान भइरहेको कार्यालयका प्रवक्ता एसपी सोमेन्द्र सिंह राठौरले जानकारी दिए ।

अन्य १५ जनाको नाममा ३४ वटा बैंक खाता सञ्चालन गरेको र ती खातामा १२ करोड २५ लाख ३५ हजार ९११ रुपैयाँ बराबरको रकम बेटिङ कारोबार देखिएको छ। यी बैंक खाताहरु समेत प्रहरीले रोक्का गरेको छ । पक्राउ परेका व्यक्तिहरुबाट हालसम्म ९ करोड ८ लाख १३ हजार १०८ रुपैयाँ बराबरको बेटिङ कारोबार भएको खुलेको प्रहरीले जनाएको छ ।

# तीन उपसचिवलाई ८ वर्ष जेल सजाय




**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

विशेष अदालत काठमाडौंले ३ उपसचिवलाई ८ वर्षको जेल सजाय सुनाएको छ । भ्रष्टाचारी ठहर भएका यातायात कार्यालय इटहरीका ३ जना उपसचिवलाई आठ वर्ष कैद सजाय सुनाइएको हो ।

उपसचिव होमनाथ भट्टराईलाई साढे २ वर्ष कैद सजाय विशेष अदालतले ताकेको छ । उपसचिव दाहाललाई तीन करोड २ लाख १७ हजार विगो, पौडेललाई दुई मुद्दामा ८ करोड विगो र नेपाललाई ६ करोड १७ लाख ६४ हजार विगो सेमत तिराउने विशेष अदालतको आदेशमा उल्लेख छ । उनीहरुले त्यसको दुई गुणा जरिवाना तिर्नुपर्ने छ । राजस्व हिनामिनाको भ्रष्टाचारमा आरोप ठहर भए बिगोको दुई गुणा जरिवाना हुने कानुनी व्यवस्था छ ।

यातायात कार्यालय इटहरीका कर्मचारीले सरकारी कर भ्रष्टचार गरेको भन्दै विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु शालिग्राम कोइराला र बलभद्र बास्तोलाको इजलासले ३० फागुनमा उपसचिवहरु रमेशप्रसाद दाहाल, विष्णुप्रसाद पौडेल, नयराज नेपाललाई दोषी ठहर गरेको थियो ।

### विभागका नासुविरुद्ध भ्रष्टाचार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभाग काठमाडौंमा कार्यरत नायब सुब्बा प्रमोद पाण्डेविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । ३० हजार रुपैयाँ घुस रकमसहित पक्राउ परेका पाण्डेविरुद्ध बुधबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

उनकाअनुसार वैदेशिक रोजगार कसुरमा मिलापत्रपश्चात् रोक्का भएको बैंक खाता सुचारु गर्न सेवाग्राहीसँग ३० हजार रुपैयाँ लिइसकेको अवस्थामा अख्तियारको टोलीले गत कार्तिक २९ गते उनलाई पक्राउ गरेको थियो ।

अनुसन्धानको सिलसिलामा उनले बैंक खाता सुचारु गरिदिने तथा तारेखलगायत मुद्दासम्बन्धी प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग ३० हजार रुपैयाँ घुस/रिसवत लिएको पुष्टि भएको अख्तियारले जनाएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) खण्ड (ख) बमोजिमको कसुर गरेकोले तीस हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

### वडाध्यक्ष चौधरी र वडा सचिव राय पक्राउ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ११ का अध्यक्ष अर्जुनकुमार चौधरी र वडा सचिव माधवकुमार रायलाई ५० हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरेको छ ।

जग्गा दर्ता कायम गर्ने सर्जमिन मुचुल्काको रोहबरमा दस्तखत गर्न सेवाग्राहीसँग घुस मागेको सूचना एवं उजुरीका आधारमा अख्तियारको बर्दिवास कार्यालयबाट खटिएको टोलीले उनीहरुलाई बुधबार साँझ पक्राउ गरेको हो ।

उनीहरु दुवै जनालाई सेवाग्राहीबाट लिएको ५० हजार रुपैयाँ घुस रकमसहित जनकपुरधाम उपमहानगरपालिका ६ रामजानकी हस्पिटल नजिकैबाट पक्राउ गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

# एसईई परीक्षाको तयारी पूरा



**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

यहि चैत १७ गतेबाट हुने माध्यामिक शिक्षा परीक्षा (एसईई) को तयारी पूरा भएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । कार्यालयका अनुसार यसवर्ष परीक्षाका लागि २ हजार ३७ परीक्षा केन्द्र तोकिएको छ ।

परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठका अनुसार उपत्यकाका तीन जिल्ला बाहेक सबै परीक्षा केन्द्रमा उत्तरपुस्तिका र प्रश्नपत्र पुर्‍याइसकिएको छ ।

यस वर्ष ५ लाख १६ हजार ५९५ जना विद्यार्थीले परीक्षाको लागि रजिष्ट्रेशन भरेका छन् । परीक्षामा सबैभन्दा बढी विद्यार्थी वागमती प्रदेशमा रहेका छन् । वागमतीमा १ लाख ७ हजार विद्यार्थी परीक्षामा सहभागी हुँदै छन् । त्यसमा पनि सबैभन्दा बढी काठमाडौंमा ३२ हजार ४८ विद्यार्थी सहभागी हुँदै छन् । त्यसै गरी कर्णालीमा सबैभन्दा कम ४१ हजार विद्यार्थी सहभागी हुने भएका छन् । मनाङमा सबैभन्दा कम अर्थात् ५३ परीक्षार्थीले सहभागिता जनाउँदैछन् ।

हरेक जिल्लाको जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समितिले आवश्यक शान्ति सुरक्षा परीक्षा सञ्चालन व्यवस्थापन अनुगमन गर्ने काम गर्नेछ । सातै प्रदेशका शिक्षा हेर्ने मन्त्रालय सचिवको अध्यक्षतामा पाँच सदस्यीय प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले प्रदेश भित्रको परीक्षालाई स्वच्छ, मर्यादित, व्यवस्थित ढंगबाट समन्वय गर्ने काम गर्नेछ । कार्यालयका अनुसार सबै शिक्षा विकास निर्देशनालयले शिक्षा विकास तथा समन्वय इकाई र पालिकासँग समन्वय गरेर परीक्षाको मर्यादालाई कायम राख्न पहल गर्न अनुरोध गरिएको छ ।

गत वर्ष एसईई परीक्षाको लागि ५ लाख १४ हजार ९५५ ले रजिष्ट्रेशन भरेका थिए जसमध्ये ४ लाख ९५ हजार ७५१ जनाले परीक्षा दिएका थिए ।

यस्तै दृष्टिबिहिन परीक्षार्थीले भने आफू अध्ययन गरिरहेको विद्यालयबाटै एईई परीक्षा दिन पाउने कार्यालयले जनाएको छ ।

परीक्षा नियन्त्रण कार्यालय दृष्टिविहिन स्रोत कक्षा सञ्चालन भएका विद्यालयका विद्यार्थीहरुका लागि सोही विद्यालयबाट परीक्षा दिने व्यवस्था मिलाइदिएको हो ।

दृष्टिविहीन परीक्षार्थीको लागि स्रोत कक्षा सञ्चालन भइरहेको विद्यालयमा नै उपकेन्द्र कायम गरेर परीक्षा सञ्चालन गरिने कार्यालयले जनाएको छ ।

# भूमिसुधार, खाद्यसम्प्रभुता र किसान अधिकारको माग

**काठमाडौं/मस-** अखिल नेपाल किसान महासंघले वैज्ञानिक भूमिसुधार, खाद्यसम्प्रभुता र किसान अधिकारको माग गरेको छ। महासंघद्वारा बुधबार आयोजित कार्यक्रममा सहभागी किसान नेताले बढ्दै गएको मूल्यबृद्धिका कारण समस्यामा परेका किसानलाई बीउबिजनका साथै रासायनिक मलखादको व्यवस्था गर्नुपर्ने लगायतका माग गरेका हुन् ।

अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बाँस्कोटाले मिटर ब्याज पीडित किसानसँग गरेको सम्झौता लागु गर्न माग गर्दै बढ्दो मूल्यबृद्धि नियन्त्रणका साथै किसानका ५९ सुत्रीय माग पूरा गर्न आग्रह गरे । उनले नव उदारवादी अर्थतन्त्रले कृषि उत्पादनका क्षेत्रमा नकारात्मक प्रभाव पारेको बताउँदै कृषि कारखाना, कृषि अनुदान बढाउनुपर्ने, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई व्यवस्थित बनाउनुपर्ने बताए ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) का अध्यक्ष चित्रबहादुर श्रेष्ठ र अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का अध्यक्ष सीताराम तामाङ्लगायतले मिटरब्याजमा फसेका किसानको समस्या समाधान गर्नुपर्ने र ब्याजदर घटाउनुपर्ने माग गरे ।

## डोल्पोबुद्ध गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**


### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/१२/०९**

यस कार्यालयबाट मिति २०७९/११/०४ मा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमका कार्यमा पर्न आएका बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिलका फर्महरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | बोलपत्र/ठेक्का/प्याकेज न. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १. | DBRM/DOLPA/WORK/SQ/07-079/080 | होम स्टे भवन निर्माण । | श्री यु एण्ड आई निर्माण सेवा, एण्ड अर्डर एण्ड सप्लायर्स ठुलीभेरी न.पा.३, डोल्पा | रु.११,५८,९७७.५० (अक्षरेपी एघार लाख अन्ठाउन्न हजार नौ सय सतहत्तर रुपैया र पैसा पचास मात्र) |
| २. | DBRM/DOLPA/WORK/SQ/08-079/080 | तिन्जे देखी छार्का (कज्याङ क्षेत्र ग्याबिन कार्य) सडक स्तरोन्नति कार्य । | श्री महतारा निर्माण सेवा, ठुलीभेरी न.पा.३, डोल्पा । | रु.११,४८,५५०.०० (अक्षरेपी एघार लाख अड्चालिस हजार पाँच सय पचास रुपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## सम्पादकीय

# भर्त्सना होइन, सुधार

पूर्व राजा ज्ञानेन्द्र शाहको गतिविधिप्रति फेरि राजनीतिक दलका शीर्ष नेताहरूले चिन्ता र चासोयुक्त अभिव्यक्ति दिन थालेका छन् । पूर्वराजा ज्ञानेन्द्रको गतिविधि पनि रोकिएको छैन । बुधबार फेरि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेताहरूसँग झापामा भेटवार्ता गरेको तस्वीर सार्वजनिक भएको छ । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र लगायत नेताहरूसँग पूर्वराजा शाहले लिएको संयुक्त तस्वीर आमसञ्चार माध्यमहरूमा देखिएको छ । यसअघि झापामै पूर्वराजा ज्ञानेन्द्र, पत्नी कोमल र छोरा पारससहित एक सार्वजनिक कार्यक्रममा देखिएका थिए । सार्वजनिक मन्तव्य नदिएपनि यो उपस्थितिलाई चासोका साथ हेरिए । यसको केही दिनभित्रै राजधानी उपत्यकामै राजावादीको प्रदर्शन भयो । त्यो प्रदर्शनमा राजतन्त्र फिर्ताको नारा लागेको थियो ।

सार्वजनिक समारोहमा ज्ञानेन्द्र शाह उपस्थिति हुनु, नेताहरूसँग भेटवार्ता गर्नु र उनको पक्षमा नारा लाग्न थालेपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नियन्त्रणमा लिनुपर्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए । अरू नेताहरूले पनि यस्तो गतिविधिप्रति चिन्ता जनाएका थिए । सत्तारूढ नेताहरूले संयुक्त बक्तव्यमार्फत चासो र आपत्ति जनाएका थिए । सार्वजनिक मञ्चमा मात्रै नभएर प्रतिनिधिसभामै राजतन्त्रबारे आवाज बाक्लिएको छ । गत चुनावबाट राप्रपाले अप्रत्यासित मत पाएर आकार बढाएपछि तिनका सांसदहरूले संसदमा चर्को कुरा राखिरहेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा राप्रपाका नेताहरू सहभागी हुँदा सिंहदरबारभित्रै पृथ्वीनारायण शाहको तस्वीर राखिएको थियो । जुन तस्वीर १५ वर्ष अगाडि गणतन्त्र स्थापनासँगै हटाइएको थियो । तर राप्रपाका नेताहरू मन्त्री हुँदा फेरि सिंहदरबारका भित्ताहरूमा पृथ्वीनारायण शाहको तस्वीर राखियो ।

राप्रपाका मन्त्रीहरूले हिन्दू पाठ गराएर पदभार लिएका थिए । अर्थात् पूर्वराजा ज्ञानेन्द्रको गतिविधि सार्वजनिक मञ्च, संसद हुँदै सरकारमा पुगेको छ । यद्यपि राप्रपा सरकारबाट हटिसकेकाले मन्त्रिपरिषद्मा त्यसबारे छलफल हुने छैन । तर बाहिरको आवाजबाट गणतन्त्र पक्षधर नेताहरू तर्सिन पुगेको देखिन्छ । कतिपयले चेतावनी युक्त अभिव्यक्ति समेत दिइरहेका छन् । जबकी गणतान्त्रिक लोकतन्त्रले राजाकै पक्षमा वकालत गर्ने समेत छुट दिएको छ । कुनैपनि व्यवस्था र आस्था राख्न नागरिकलाई स्वतन्त्र दिइएकाले राप्रपा र एउटा नागरिकको हैसियतमा ज्ञानेन्द्र शाहले राजतन्त्र पुनर्स्थापनाको आवाज उठाउन सक्छन् । बरू चिन्ताको विषय भनेको राजनीतिक परिवर्तनको पक्षधर भन्ने नेताहरूले आफूलाई सुधार गर्न नसक्नु हो । ठूला दलहरूले देखाएको अघिल्लो कार्यकालको गतिविधि र फेरि गत चुनावबाट शुरू भएको राजनीतिले नागरिकमा चरम बितृष्णा सिर्जना गरेको देखिन्छ । त्यसैको असर पूर्वराजातिर गतिविधि बढेको प्रष्ट छ । तसर्थ भर्त्सना नभएर अहिलेका दलहरूले यो व्यवस्था जोगाउने हो भने आफूमा सुधारको आवश्यकता छ ।

# मानव सभ्यताको विकास र नेपाल

*हाम्रो ऐतिहासिक पृष्ठभूमि के हो ? हाम्रो सभ्यता, संस्कृति र दर्शन के हो ? हाम्रो इतिहास र दर्शनको पठनपाठन त्याग्दा अहिलेको पुस्तामा निकै नकारात्मक असर परेको छ । अहिले ग्लोबलाइजेशनको अवस्थामा या सूचना प्रविधिको विकासमा सामाजिक सञ्जालले गर्दा पनि हाम्रो हिमबत् खण्डको सबै सभ्यता नष्ट गरेको छ ।*

अग्रलेख



● गोरखबहादुर बी.सी.

### पृष्ठभूमि

मानव उत्पत्ति, विकास, गोत्र, थर, जात, राज्य-राष्ट्रबारेमा केही खोज तथा अनुसन्धान यहाँ लेख्नु जरुरी छ । पृथ्वीको उत्पत्ति चार अर्ब ५० करोड वर्ष अघि भएको वैज्ञानिकहरुको भनाइ रहेको छ । त्यसमा पनि तिन अर्ब वर्ष पृथ्वीमा जीवहरुको उत्पत्ति भएको मानवशास्त्री एवम् समाजशास्त्रीहरुले खोज तथा अनुसन्धानले भन्छ । हामीले बुझेको पूर्वीय दर्शनका आधारमा ब्रमाण्डको एउटा टुक्रा पृथ्वी हो । पृथ्वी जस्ता हजारौं ग्रहहरु ब्रमाण्डमा छन् । पूर्वीय दर्शनको आधारमा सत्ययुग, द्वापरयुग, त्रेत्रायुग र कलियुगबारे हाम्रो धर्मशास्त्रले बताएको छ । तर, विश्वका वैज्ञानिकहरुले पृथ्वीको उत्पत्तिसँगै करिब ४१ करोड वर्षपछि माछाको उत्पत्ति भएको अनुमान गरेका छन् । मियोसिन युगमा आजभन्दा झण्डै दुई करोड ४० लाख वर्ष अगाडि ढेडु बाँदरको (गुना)को उत्पत्ति भएको थियो । यही ढेडु बाँदरको उत्पत्तिसँगै २५ लाख वर्ष अगाडि लेस्टोसिन युगमा आधुनिक मानवको उत्पत्ति भएको थियो ।

यो विषयको पृष्ठभूमिमा दर्शाउन चाहेको किन हो भने पृथ्वीको केन्द्रभूमि नेपाल, खस साम्राज्य, विश्व साम्राज्य, किराँत साम्राज्य, गोर्खा वा आधुनिक नेपाल जे भने पनि कुरा एउटै हो, किनभने हिमवत खण्डको केन्द्रबिन्दु कैलाश पर्वत मानव उत्पत्ति भएको पूर्वीय दर्शनले बताएको छ । यसलाई पनि वैज्ञानिकरुपमा प्रमाणित गरिएको पाइन्छ । बुटबलको तिनाउ खोला नजिक रामापेथिकमा देव्रे चट्टानमा भेटिएको मानव कंगाल वैज्ञानिकहरुले ८० लाख वर्ष पहिलाको मानव कंगाल रहेको उल्लेख गरेका छन् । यसअघि अष्ट्रेलिया निवासी रिमाड डार्टले दक्षिण अफ्रिकामा खोज गरेका थिए । त्यो मानव कंगाल २० लाख वर्ष पुरानो थियो । यसलाई हेर्दा, एसिया नै मानव विकासको उद्गम स्थल मान्न सकिन्छ । विभिन्न वैज्ञानिकहरुले पेकिङ मानव, चिनि मानव, भावा मानव, हिडेलबर्ग मानव, मग्नन मानव नामाकरण गरि आ-आफ्नो खोजमा उल्लेख गरेका छन् । त्यसमा पनि मानवशास्त्री र समाजशास्त्री मात्र होइन इतिहासकार, पुरातात्विक विद्हरुले पनि मानव उत्पत्ति, विकास, राज्य, राष्ट्रको विभिन्न परिभाषा दिएका छन् । यहाँ मानव उत्पत्ति, राज्य, विश्व परिवेशका साथै, जेठो सभ्यता र संस्कृतिसँग यो लेख जोड्न खोजिएको छ ।

जे जति परिवेश छोटकरीमा उल्लेख गरेपनि विश्वको शिर हिमवत खण्डसँग जोडिँदो रहेछ । हाम्रो हिन्दु वा सनातन सभ्यताको लिखित विधान वेद होस् या एसियन सभ्यताको केन्द्रबिन्दु कैलास पुराण होस् अथवा अहिले विश्वमा प्रचलित बौद्ध घोष, कुरान या बाइबललाई अध्ययन गर्दा कुरानमा (अल्ला) महादेव, बाइबलमा प्राथना वा ईश्वर (विष्णु, महादेव) यी जे जस्ता धर्मालम्बीहरुले भाषिकरुपमा फरक भएपनि विष्णु, महादेव, ब्रह्मा सबै धर्मालम्बीहरुले मान्छन् । आदि मानव मनु र सत्रुपा कैलास करिडोरसँग जोडिएका छन् । इतिहासकार एवम् संस्कृतविद्को भनाइअनुसार मनु नेपालको कर्णाली प्रदेश कालीकोट जिल्लाबाट शासन गरेको पाइन्छ । विश्वमा मनुले (मानव शासन, राज्य, व्यवस्था र कानुन) व्यवस्था गरी शासन गरेको भेटिन्छ । यस्तै, झण्डै पाँच हजार वर्ष किराँत साम्राज्यले शासन गरेको इतिहास छ । यस्तै, आधा पृथ्वीमा करिव पन्ध्रह हजार वर्ष खस साम्राज्यले शासन गरेको भेटिन्छ । तर, बिडम्बना आज हामी हाम्रो गौरवमय इतिहास र हाम्रो आफ्नो पन हराएकोले हामी विश्वमा अहिले धेरै तल परेका छौं ।

### परिवेश र विषयवस्तु

अहिले विश्व छायाँ युद्धमा छ । शक्ति राष्ट्र र विश्वका धनाढ्यहरुले अनेक थरीका बबण्डर र हल्ला फिजाएर अनेक थरिका रोग व्यथा, सूचना ह्याक, हतियार होडवाजी, आर्थिक शोषण लगायत अनेक किसिमका विश्व मानवलाई दुःख दिने काम मात्रै गरिरहेका छन् । विश्व अर्थतन्त्र अहिले शक्ति सम्पन्न राष्ट्रहरुसँग छ । विश्व बैंक, एसियाली विकास बैंक, अन्तराष्ट्रिय मुद्रा कोषले विश्वका तेस्रो मुलुकलाई (गरिबी राष्ट्र) आर्थिक शोषण र दमन गरिरहेका छन् । गरीब राष्ट्रलाई झन गरीब बनाउने धनि राष्ट्रलाई झन् धनी बनाउने काम भइरहेको छ ।

अहिलेको २१औं शताब्दी पूँजीको भन्ने हल्लाले विश्व मानवको विवेक,



> *आज शक्ति राष्ट्रले थोपरेको शोषणका संरचना र उनीहरूकै बीच चलिरहेको शक्तिको होडबाजीले विश्वका गरीब राष्ट्रहरू मर्कामा छन् । त्योबीच नेपाल जस्ता सामरिक महत्व बोकेका मुलुक थप समस्यामा छन् । भूराजनीतिक, भूसामरिक महत्व र शक्ति राष्ट्रहरूको स्वार्थले गर्दा नेपाल प्रयोगशाला जस्तै बनेको छ ।*

मन, मष्तिक र दिमाखमा हल्ला फिँजाइएको छ । एसियन सिपलाइजेशन भनेको मानव सभ्यता र मानवको पीडा, दुःख एवम् मानवीय सहयोगको भावनासँग जोडिएको हो । तर, विश्व बैंक र अन्तराष्ट्रिय मुद्रा कोषले 'मनिजम'लाई बढाएर 'हुमेनिजम'लाई माइनस गरेर पैसा नै सबथोक हो भन्ने मनमष्तिक भरिदिएको छ । यही सेरोफेरोमा एसियन देशका शक्ति राष्ट्र र आर्थिकरुपले अग्रस्थानमा रहेका चीन, जापान, सिंगापुर, कतारलगायतका देशहरुले एसियन 'सिभिलाइजेसन' बुझेनन् । यहाँनेर ऐतिहासिक कुरा उठाउनु जरुरी छ । जी सेभेन (अहिले जी २०) भएपनि यी भनेकै पश्चिमा राष्ट्र हुन् । यीनिहरु प्रायः सबै पहिले जंगली थिए । अमेरिका त नयाँ देश हो । फ्रान्स, जर्मनी, स्पेन, बेलायत यीनीहरुको पृष्ठभूमि हेर्ने हो भने पूर्वीय दर्शनको कुरा गर्ने हो भने दानवको संकेत दिएको पाइन्छ । ग्रिस वा इटलीको इतिहास अलिक फरक छ । तर, ग्रिसलाई पुरानो मानव सभ्यता लेखिएपनि यथार्थ होइन । मानव उत्पत्ति, विकास, संस्कार, मानवता मात्र होइन, वैज्ञानिकहरुको खोज अनुसन्धान अनुसार ढेडु बाँदर (गुना) सबैभन्दा बढी यही हिमवत खण्ड नेपालमा नै पाइन्छ । त्यसैले खस साम्राज्य, किराँत सामाज्य, वृहत नेपाल जे भनेपनि विश्वको माउ देश नेपाल हो ।

### वर्तमान परिवेशसँग जोडिँदा

